सुर्मा गाउँपालिका
सुदूरपश्चिम प्रदेश, दौलीचौर, बझाङ्ग ।

नेपाल सरकार

# सुर्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय दौलीचौर
## बझाङ्ग ।

# विद्यालय दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**विद्यालय दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत तहसम्मको शिक्षा संघीय सरकारको मापदण्डको आधारमा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको र आधारभूत तहसम्मको शिक्षालाई गुणस्तरीय, नि:शुल्क तथा अनिवार्य गराउनका लागि एउटा महत्वपूर्ण कार्यक्रम विद्यालयमा बालबालिकालाई दिवा खाजाको व्यवस्था गर्नु हो । यस विद्यालय दिवा खाजा कार्यक्रमलाई सहजीकरण गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका २०७६, स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारुप २०८१ र सुदुरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले जारी गरेको विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० जारी गरेको सन्दर्भमा दिवा खाजा सञ्चालन तथा व्यवस्थापनलाई सुव्यवस्थित गर्नका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ भ १ को व्यवस्थालाई कार्यान्वयन गर्न सुर्मा गाउँपालिका, गाउँकार्यपालिकाबाट दिवा खाजा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरिएको छ ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम विद्यालय दिवा खाजा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०८३ रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट पास भए पश्चात लागु हुनेछ ।

ग) यो कार्यविधि दिवा खाजा कार्यक्रम लागु भएका सामुदायिक विद्यालयहरूको हकमा मात्र लागु हुनेछ ।

**२. परिभाषा :**

क) "दिवा खाजा" भन्नाले विद्यालयमा विद्यार्थीहरूका लागि व्यवस्था गरिएको खाजा कार्यक्रम सम्झनु पर्दछ ।

ख) "प्रधानाध्यापक", भन्नाले यस निर्देशिकामा उल्लेख भए अनुसार तथा शिक्षा निमावली २०५९ अनुसार, विद्यालय व्यवस्थापनका लागि नियुक्त भएका प्रधानाध्यापक सम्झनु पर्दछ । सो शब्दले निजी तथा संस्थागत विद्यालयका प्रमुखलाई समेत जनाउँछ ।

ग) "दिवा खाजा व्यवस्थापन समिति" भन्नाले सुर्मा गाउँपालिका स्तरिय दिवा खाजा व्यवस्थापन गर्न निर्माण गरिएको समिति सम्झनु पर्छ ।

घ) "मेनु" भन्नाले विद्यालयमा विद्यार्थीलाई खाजा खुवाउने प्रयोजनका लागि स्थानीय कृषि उत्पादन प्रयोग गरी तोकिएको पोषण मापदण्ड पुरा गर्ने गरी गाउँपालिका स्तरमै बनाइएको खाजा तालिकालाई सम्झनु पर्दछ ।

CS CamScanner

परिच्छेद - २

**३. विद्यालय दिवा खाजा कार्यक्रमको परिचय**

बालबालिकाको ६ वर्षको उमेर सम्म हुने मस्तिष्क विकासको मूख्य चरणमा हुने वृद्धि र विकासका लागि खाना अनिवार्य तत्व हो । एउटा बालकले खानाबाट प्राप्त गर्नुपर्ने कुल पौष्टिकता मध्ये कम्तिमा ३० प्रतिशत दिवा खाजाबाट प्राप्त गर्नुपर्ने भन्ने अन्तराष्ट्रिय मान्यतालाई आत्मसात गर्दै नेपाल सरकारले आ.व. २०७७/७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बाल विकास देखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापनका लागि नेपाल सरकारले स्थानीय तह मार्फत तोकिएको प्रक्रिया पूरा गरी 'सशर्त अनुदान' का रूपमा विद्यालय दिवा खाजा कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ ।

**४. दिवा खाजा कार्यक्रमको उद्देश्य**

विद्यालयमा पढ्ने बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता, गुणस्तर अभिवृद्धि र स्वास्थ्यमा सुधारका लागि संघीय सरकारद्वारा सञ्चालित दिवा खाजा कार्यकमका उद्देश्यहरुलाई पुरा गर्न यस गाउँपालिकाले दिवा खाजा कार्यकमको लागि परिपूरक उद्देश्यहरु निर्धारण गरेको छ, जुन देहायबमोजिम हुनेछ ।

क) विद्यालयका बालबालिकालाई स्थानीय उत्पादनमा अधारित स्वस्थकर तथा पौष्टिक खाजाको सुनिश्चितताका लागी नीतिगत आधार तयार गर्ने ।

ख) शैक्षिक सुधारका लागि दिवा खाजाको माध्यमबाट टिकाउ दरलाई बढोत्तरी गर्ने ।

ग) विद्यालय तहमा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने,

घ) विद्यालय दिवा खाजामा स्थानीय उत्पादनको प्रयोगलाई बढावा दिदै बालबालिकाको पोषण स्वास्थ्यमा सुधार गर्ने ।

ङ) स्थानिय कृषि उपजलाई बढाएर विद्यालय तथा कृषि उत्पादन विच सम्वन्ध स्थापित गरि कृषि प्रतिफल बढाउने ।

च) दिवा खाजालाई स्थानीय कृषि उत्पादनमा आधारित बनाउन खरिद प्रकृया सहज बनाई साना किसानलाई विद्यालय पोषण कार्यकममा सहभागी गराई स्थानीय कृषि अर्थतन्त्रलाई प्रोत्साहन गर्ने ।

**५. लक्षित समूह**

संघीय सरकारले तोकेको सबै सामुदायिक विद्यालयका पुर्व प्राथमिक तह देखि कक्षा ५ सम्मका सबै बालबालिकाहरु यस कार्यक्रमको लक्षित समूह हुनेछ ।

**६. दिवा खाजा कार्यक्रमले प्रभाव**

दिवा खाजा कार्यक्रमले गाउँपालिकामा वाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत सामुदायिक विद्यालयका बालवालिकालाई प्रत्यक्ष प्रभाव पारेको छ । यसले विद्यार्थीको पोषण र स्वास्थ्यको साथ साथै विद्यालय भर्ना, कक्षामा उपस्थिति दर, कक्षा पूरा गर्ने दर र सिकाइ उपलब्धिमा वृद्धि गर्ने देखिन्छ।

## ७. दिवा खाजाको व्यवस्थापनमा देखिएका मूख्य चुनौतिहरु

दिवा खाजा कार्यकमको मूख्य चुनौतिहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- सवै वालवालिकाहरुलाई स्थानीय उत्पादनमा आधारित स्वच्छ, प्राङ्गारिक र समान गुणस्तरको गुणस्तरीय खाजा उपलब्ध गराउनु,
- विनियोजन गरिएको न्यून प्रति विद्यार्थी रकमवाट दिवा खाजा कार्यक्रमले राखेको उद्देश्य पूरा गर्नु,
- दिवा खाजा कार्यक्रमका लागि आवश्यक भान्सा घर निर्माण, भान्से, इन्धन एवं भाँडाकुँडा व्यवस्थापन गर्नु,
- दिवा खाजाको प्रभावकारी व्यवस्थापन र अनुगमन गर्नु,
- अभिभावक एवं सरोकारवालाको सहयोग प्राप्त गर्नु,

## ८. दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि गर्न सकिने कार्यहरु वा अवसरहरु

दिवा खाजा कार्यक्रममा अव्यवस्था र चुनौति मात्र छैनन्, कार्यक्रमले निकै उत्साहपूर्ण अवस्था सिर्जना पनि गरेको छ । अहिले प्राप्त न्यून बजेटमा नै पनि स्थानीय स्तरमा उत्पादन गरिएको खाद्य सामग्रीवाट उपयुक्त र पोषिलो दिवा खाजा व्यवस्था गर्न सकिन्छ ।

१. स्थानीय स्तरमा उपलब्ध खाद्यान्नवाट खाद्य टोकरी निर्माण, उक्त टोकरीका आधारमा दैनिक खाजा मेनु निर्माण गर्ने,

२. सफा भान्सा घर व्यवस्थापनमा अभिभावक र स्थानीय सरोकारवालाको सक्रिय परिचालन गर्ने,

३. विद्यालय व्यवस्थापन समिति एवं स्थानीय सरकारले गठन गरेका अनुगमन संयन्त्रको प्रभावकारी परिचालन,

४. अहिलेकै २० रुपैयाँमा स्थानीय सरकारको थप स्रोत परिचालन,

५. स्थानीय कृषकहरुको कृषि उत्पादनको बजार सुनिश्चित गरी, कृषकलाई थप उत्पादन गर्न प्रोत्साहन गर्ने र उत्पादन वृद्धि गर्ने,

६. खाद्यान्न आपूर्तिमा स्थानीय सहकारी, कृषक समूह तथा अन्य आपूर्तिकर्ताहरु मार्फत अभिभावकहरुको सहभागिता वढाई अपनत्व वढाउने,

७. दिवा खाजाका लागी आवश्यक थप तरकारी विद्यालयमा नै करेसावारी मार्फत उत्पादन गर्न सकिने,

८. विद्यालय शिक्षासँग सम्वन्धित अन्य कार्यक्रमहरु जस्तै: विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, पोषण कार्यक्रम, विद्यालय नर्स कार्यक्रमहरुलाई विद्यालय दिवा खाजा कार्यक्रमसँग जोड्दै कार्यक्रमको प्रभावकारिता वढाउने ।

CamScanner

## परिच्छेद - ३
## दिवा खाजाको पोषण मापदण्ड र मेनु सम्बन्धी व्यवस्था

### ९. दिवा खाजाको पोषण मापदण्ड

खाजा भोक मेटाउने मात्र नभै शरिरलाई आवश्यक पर्ने सुक्ष्म पोषण तत्व (Micronutrient) र वृहत पोषक तत्व (Macronutrient) आपुर्तिका लागि आवश्यक हुन्छ । निर्धारित मात्रामा आवश्यक पोषक तत्व उपलब्ध भएको खाजा मात्र स्वस्थकर मानिन्छ। स्वस्थ्यकर खाजाले मात्र शारिरीक स्वास्थ्य कायम गर्न सहयोग गर्दछ । पोषणयुक्त खाजा सफा, ताजा र स्वच्छ पनि हुनु पर्दछ । खाजामा उपलब्ध हुने पोषण तत्वको मात्रा राष्ट्रिय मापदण्डले निर्धारण गरेको र मापदण्ड अनुरुपका खाजा मात्र उपलब्ध गराउने प्रचलन संसारका धेरै देशहरुमा छ । साथै निर्धारित गरिएका राष्ट्रिय मापदण्ड अनुरुप पोषक तत्व आपुर्ति हुने गरि दिवा खाजा आवश्यक परिमाणमा उपलब्ध गराउनु पर्छ भन्ने मान्यताको विकास भएको छ। यसका लागि आवश्यक सामग्री र पुर्वाधार समेत प्रबन्ध गरिनु पर्दछ ।

विश्व स्वास्थ्य संगठनले ४ देखि १० वर्ष उमेर समुहका बालबालिकाहरुको उपभोग्य खाजामा उपलब्ध हुनु पर्ने वृहत पोषक तत्व (क्यालोरी, प्रोटिन, फ्याट, आदि शुक्ष्म पोषक तत्व, आयोडिन आइरन, जिङ्क, भिटामिन ए) को मात्रा र सो मध्ये दिवा खाजाबाट आपुर्ति हुनु पर्ने उल्लेखित पोषक तत्वको मात्रा निर्धारण गरेको छ । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको मापदण्डलाई आधार मानि पुर्व प्राथमिक र प्राथमिक तहका बालबालिकाहरुका लागि दैनिक रूपमा चाहिने वृहत तथा सुक्ष्म पोषक तत्वको मात्रा कम्तीमा ३०% दिवा खाजाबाट प्राप्त हुने व्यवस्था गरिने छ। यसरी दिवा खाजा आपुर्ति तथा वितरण गर्दा स्थानीयस्तरमा उपलब्ध हुने खाद्य पदार्थबाट देहायका समूहका खाद्यसामग्रीबाट तयार गरिएको मेनुको आधारमा दिवा खाजा तयार गरि विद्यार्थीहरूलाई खुवाउनु पर्नेछ

**क) कार्बोहाइड्रेट समूह (शक्ति दिने) जस्तै :-** चामल, गहुँ, मकै, कोदो, फापर, जौ, आलु, तरुल, सखरखण्ड आदि ।

**ख) प्रोटिन समूह (शारीरिक विकास गर्ने) जस्तै :-** भटमास, सिमी, केराउ, चना, गेडागुडी, माछा, मासु अण्डा आदि ।

**ग) मिनरल समूह (शक्ति दिने, प्रतिरक्षात्मक) जस्तै :-** हरिया सागपात र अन्य हरिया तरकारीहरू ।

**घ) भिटामिन मिनरल्स (शरीरका अङ्गहरूको सन्तुलित विकास र कार्य क्षमता बृद्धि गर्ने) जस्तै :-** तरकारी, साग र फलफुल जस्तै स्याउ, सुन्तला, जुनार, नासपती, मेवा, केरा आदि ।


**ङ) चिल्लो पदार्थ समूह, जस्तै :-** घ्यू, तेल, नौनी, दूध, दही आदि । तर दुध, दही मात्र खुवाउँदा चिल्लो पदार्थको मात्रा पुग्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

तालिका १: दैनिक आवश्यक खाजाबाट आपूर्ति हुनुपर्ने वृहत र सूक्ष्म पोषक तत्वको राष्ट्रिय मापदण्ड अनुरुपको मात्रा

| पोषक तत्व | दैनिक आवश्यक पोषक तत्वको मात्रा (४-९ वर्ष उमेर समूह) | बालबालिकाका लागि न्युनतम दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्वको मात्रा (३०%) |
|---|---|---|
| क्यालोरी | १८५० | ५५५ |
| प्रोटिन | ५७ | १७ |
| फ्याट(ग्राम) | ४८ | १४ |
| आयोडिन(माइक्रो ग्राम) | १२० | ३६ |
| आइरन(मिलिग्राम) | १७.८ | ५.४ |
| जिङ्क | ११.२ | ३.४ |
| भिटामिन ए | ३३ | ११ |
| भिटामिन वि | १२ | ४.१ |

## १०. विद्यालय दिवा खाजा मेनु

क) दफा ९ बमोजिम तोकिएको खाद्य वस्तुबाट पोषण मापदण्ड र खाद्य सामाग्रीहरुको मात्राको आधारमा यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयको लागि प्रत्येक दिनको खाजा मेनु तयार गरिए अनुसार हुनेछ। (अनुसुची १)




ख) दिवा खाजाको मेनु निर्माण गाउँपालिकाको नेतृत्वमा सहकारी, अगुवा कृषक, कृषी समूह, संघसंस्था, कृषि, पोषण, स्वास्थ्य विज्ञ, विद्यालय शिक्षक र वि.व्य.स.को सहभागीता तथा सल्लाहमा हुनेछ।

ग) आवश्यकता अनुसार मेनुको पुनरावलोकन तथा परिमार्जन गर्न सकिनेछ।

घ) दिवा खाजाको मेनु यस गाउँपालिका भित्र उत्पादन हुने खाद्यान्नमा आधारित हुने तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने हुनेछ।

ङ) मेनु तयार गर्दा स्थानिय कृषि उपजलाई ध्यान दिएर कम्तीमा ६ वटा मुख्य मेनुको सेट सहित वैकल्पिक मेनु निर्माण गर्न सकिनेछ।

च) कुनै पनि अवस्थामा दिवा खाजाको रुपमा पुर्व प्रशोधित खाजा (Processed packed food) तथा पत्रु खाना (Junk food) प्रयोग गर्न पाइनेछैन।

छ) यस क्षेत्रमा उपलब्ध नहुने नुन, चिनी, तेल, मसला, जस्ता खाद्य पदार्थ वाहिरवाट खरिद गर्न सकिने छ।

परिच्छेद - ४

## दिवा खाजा तयारीका लागि पूर्वाधारको व्यवस्थापन

**११. भान्छाकोठा र ईन्धनको व्यवस्थापन:**

विद्यालयहरुले दिवा खाजा तयार गर्न प्रारम्भमा चुलो र ईन्धनको व्यवस्थापन आफै गर्नुपर्ने छ। विद्यालयमा सुरक्षित र स्वस्थ रुपमा खाजा पकाउन र खुवाउन सुधारिएको चुल्हो सहितको उपयुक्त भान्छा घरको व्यवस्थापन हुनु पर्ने छ, जसको व्यवस्थापन विद्यालयले पालिका र अन्य सहयोगी निकायहरुको सहयोगमा गर्ने छ। विद्यालयहरुले संघीय सरकारले तोकेको रकम खाद्य सामाग्रीहरूको लागि खर्च गरी बाँकि रहेको रकमवाट ईन्धनको व्यवस्थापन गर्न सक्नेछन। यसो गर्दा रकम अपुग भएमा स्थानीय तह, प्रदेश सरकार, अभिभावक वा अन्य दाताहरुसँग सहयोग जुटाउन सक्नेछन। यदि विद्यालयले दाउरा चुलो प्रयोग गरेको खण्डमा यस्ता चुलो "सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा सहजीकरण पुस्तिका, २०७६" मा तोकिएको अनुसारको धुँवा रहित वातावरण मैत्री चुलो मात्र प्रयोग गर्नु पर्नेछ। पालिकाले विद्यालयहरुमा यस्तो चुलो निर्माणको लागी नेपाल सरकारको सम्वन्धित निकाय वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र वा यसले तोकेको संस्थासँग सहकार्य गरी आवश्यक सहयोग गर्न सक्नेछ।

**१२. स्वच्छता र सरसफाइ**

दिवा खाजा भण्डारण गर्ने स्थान तथा कोठा चिसो नभएको, सुर्यको किरण पर्ने हुनु पर्नेछ। सामग्रीहरु राख्दा सामग्रीको तल काठको पटरा तथा न्यानो हुने सामान विछ्याइएको हुनु पर्नेछ। पानी स्वच्छ तथा सुद्धिकरण गरिएको हुनु पर्नेछ र सामुहिक हातधुने धाराको व्यवस्थापन हुनुपर्ने छ। साथै विद्यालयको वातावरण तथा खाजा पकाउने कोठा सफा हुनु पर्नेछ र यो काम खाजा पकाउने व्यक्तिको हुनेछ। विद्यालयमा खाजा पकाउन आवश्यक भाडाकुडाँ व्यवस्थापन पालिकाले आफ्नो श्रोतबाट अथवा अन्य निकायसँग सहकार्य गरेर सुनिश्चत गर्नेछ।

परिच्छेद - ५

## दिवा खाजाको खरिद, तयारी र रकम निकासा सम्वन्धी व्यवस्था

**१३. दिवा खाजाको लागि खाद्य सामाग्री खरिद तथा आपूर्ति व्यवस्थापन:**

**१. दिवा खाजालाई चाहिने खाद्य सामग्री खरिद:**

**क) विद्यालय केन्द्रित खरिद व्यवस्थापन मोडेल:** दफा ९ संग सम्वन्धित अनुसुची १ बमोजिमको मेनुलाई आधार मानि विद्यालयले प्रचलित खरिद प्रक्रियाको मापदण्ड अपनाई, पालिकाले निर्धारण गरेको मेनु मूल्यमा नवढ्ने गरी आफैले सामग्री खरिद गर्ने।

**ख) विद्यालय/पालिका केन्द्रित तेस्रो पक्षद्वारा खरिद व्यवस्थापन मोडेल:** दफा ९ संग सम्वन्धित अनुसुची १ वमोजिमको मेनुलाई आधार मानि खाद्य सामग्रीको आपुर्ति तेस्रो पक्षले गर्दछ। तेस्रो पक्ष स्थानिय

सहकारी, कृषक समुह वा अन्य इच्छुक पक्ष ... सक्नेछ । यस प्रक्रियाका लागि सम्झौता फाराम अनुसुची २ बमोजिमको हुनेछ ।

## २. आपुर्तिकर्ता व्यवस्थापनः

क) गाउँपालिकाले विद्यालय दिवा खाजाका लागि आवश्यक पर्ने खाद्यान्न सामाग्रीहरु (अन्न, दलहन, फलफुल, तरकारी तथा सागपात र पशुजन्य उत्पादनहरु) आपुर्तिका लागि आपूर्तिकर्ता (सहकारी, कृषक समुह, किसान, फर्म आदी) छनौट गर्नेछ । विद्यालयले छनौट भएका आपूर्तिकताबाट खाद्य सामाग्रीहरु खरिद गरि खाजा तयारी गर्नु पर्नेछ ।

ख) जोसुकै आपूर्तिकर्ता भएपनि दिवा खाजाका लागी चाहिने खाद्य सामग्रीहरु स्थानीय स्तरमा उत्पादन भएको हुनुपर्छ, तथा कुनै समयमा स्थानिय तहमा प्राप्त नभएमा मात्र बाहिरबाट खरिद गर्न सकिने छ । तोकिएको सम्झौता अवधिमा आपुर्तिकर्ताले कम गुणस्तरको सामाग्री आपुर्ति गरेमा यस्तो आपुर्तीकर्तासँग खरिद सम्झौता रद्द गर्न सक्नेछ ।

ग) दिवा खाजा व्यवस्थापनको ढाँचा जुनसुकै भए पनि यसको खरिद तथा आपूर्ति सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम प्रतिस्पर्धात्मक विधी अपनाई खाद्य सामग्री खरिद तथा व्यवस्थापन प्रक्रिया अपनाइनेछ ।

घ) विद्यालयले यस क्षेत्रमा उपलब्ध नहुने नुन, चिनी, तेल, मसला जस्तो खाद्य पदार्थ बाहेक अन्य स्थानिय उत्पादित खाद्य पदार्थ मात्र उपयोग, खरिद र आपूर्ति गर्नुपर्नेछ ।

## १४. खाजा तयारी तथा वितरण

१) खाजा व्यवस्थापनका लागि यस गाउँपालिका अर्न्तगतका विद्यालयहरुले प्रस्तुत नमुनाहरु मध्ये जुन उचित देखिन्छ सोही अनुसार खाजा तयारी र व्यवस्थापन गर्न सक्ने छ ।

क) दिवा खाजा तयारीका लागि विद्यालयमा कार्यरत सहयोगी कर्मचारीलाई प्रयोग गरिने छ ।

ख) विद्यार्थी संख्या बढि भएका विद्यालयहरुले दिवा खाजा तयारीका लागि छुट्टै भान्से कर्मचारीको व्यवस्था गर्न सक्ने छ । (सो को लागि आवश्यक पर्ने बजेट विद्यालयको आन्तरिक श्रोत वा गाउँपालिकासंग सहकार्यमा गर्न सक्नेछ ।)

ग) विद्यालय व्यवस्थापन समितिले स्वयमसेवक भान्से परिचालन गर्न सक्ने छ । (दिवा खाजा तयार गर्ने भान्से स्वयमसेवक भएपनि उनीहरुले गरेको परिश्रमलाई सम्मान गर्न केही रकम उपलब्ध गराउन सकिनेछ) ।

घ) बालबालिकाहरुको अभिभावकहरु सम्मिलित समिति गठन गरि उहाँहरुबाट खाजाको व्यवस्थापन गर्न सकिने छ ।

२) तयार भएको खाजा वितरण शिक्षकहरुको उपस्थिति तथा सहयोगमा पहिले साना कक्षादेखि शुरु गरि क्रमश: माथिल्लो कक्षाहरुलाई वितरण गरिने छ । कसैलाई पनि कुनै पनि प्रकारको (जातिय, धार्मिक, साँस्कृतिक र लैङ्गिक) भेदभाव गर्न पाइने छैन ।

## १५. दिवा खाजाको सामाजिक परिक्षण र अडिट रिपोर्ट

विद्यालयले आफ्नो विद्यालयमा प्राप्त दिवा खाजा वापत अनुदान रकमको सामाजिक परिक्षण गर्दा मान्यता प्राप्त निकायबाट अडिट गराइ सो को प्रतिवेदन संलग्न गर्नु पर्ने छ। उक्त प्रक्रिया पुरा नभएको अवस्थामा स्थानिय तहको शिक्षा युवा तथा खेलकुद शाखा बाट निकासा भएको रकम फिर्ता गर्नपर्ने हुन सक्छ।

## १६. दिवा खाजाको लागि रकम निकासा:

स्थानिय तह अर्थात पालिकाले दिवा खाजा व्यवस्थापनका लागि नगद वा जिन्सि निकासा देहाय बमोजिम गर्नेछ।

क) संघीय सरकारवाट प्राप्त अनुदान विद्यार्थी भर्ना अनुसारको प्रति बिद्यार्थी दैनिक रु.२० का दरले रकम प्रत्येक विद्यालयको खातामा मासिक रुपमा पठाउनेछ। यसको लागि विद्यालयले अघिल्लो महिनाको प्रगति विवरण सहित अनुदान निकासा फाराम भरि (अनुसुचि ३) पालिकाको शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

ख) पालिकाले रकम निकासा गर्दा अघिल्लो पटक विद्यालयले पेश गरेको मासिक प्रगति बिवरण सहितको खर्च फछयौट गरी मौज्दात रकमलाई कटाई अर्को महिनाको लागि थप रकम निकासा दिने छ।

ग) माथिको रकम निकाशाको लागि विद्यालयले अनुसुचि ३ अनुसारको माग फारम भरि पालिकाको शिक्षा शाखामा पेश गर्नू पर्नेछ।

### परिच्छेद - ६

### दिवा खाजा कार्यक्रम संचालनको लागि कार्यान्वयन प्रकृया तथा संस्थागत संरचना

## १७. स्थानिय तहको कार्यक्रम कार्यान्वयन सयन्त्र

यस स्थानिय तहभित्रका विद्यालयमा दिवा खाजा व्यवस्थापन गर्ने जिम्मेवारी पालिका स्तरिय दिवा खाजा व्यवस्थापन उप-समितिको हुनेछ। उक्त समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्।

| | |
|---|---|
| क. उपाध्यक्ष | अध्यक्ष |
| ख. सामाजिक समितिको संयोजक | सदस्य |
| ग. अध्यक्षले तोकेको स्थानिय तहको वडा अध्यक्ष मध्ये एक जना | सदस्य |
| घ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. विद्यालय व्यवस्थापन समिति अध्यक्ष मध्येवाट अध्यक्षले तोकेको एक जना | सदस्य |
| च. आधारभुत तहका शिक्षकहरु मध्येवाट समितिका अध्यक्षले मनोनित गरेको एक जना | सदस्य |
| छ. स्थानिय तह भित्रका महिला शिक्षकमध्ये समितिका अध्यक्षले मनोनित गरेका शिक्षक एक जना | सद |
| ज. स्वास्थ्य र कृषि विकास हेर्ने शाखा प्रमुख (१/१ जना) | सदस्य |
| झ. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| ञ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य सचिव |

CamScanner

आवश्यकता अनुसार कृषक, सहकारीका प्रतिनिधि, दातृ निकायका प्रतिनिधि आदीलाई आमन्त्रित गर्न सकिने छ ।

**१८. विद्यालय दिवा खाजा व्यवस्थापन उप-समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) गाउँपालिकाले दिवा खाजाको लागि तोकेको राष्ट्रिय मापदण्ड अनुरुप स्थानिय न्युनतम मापदण्ड र स्तर निर्धारण तथा कार्यान्वयन गर्ने, गराउने ।

ख) दिवा खाजा कार्यक्रमको कार्ययोजना, नीति, कार्यनीति बनाउने र कार्यान्वयन गर्ने गराउने ।

ग) दिवा खाजाको साप्ताहिक मेनु निर्धारण गरी कार्यान्वयनको लागि विद्यालयलाई उपलब्ध गराउने ।

घ) दिवा खाजा व्यवस्थापनका लागि वार्षिक बजेट, कार्यक्रम, कार्यनीति स्वीकृत गर्ने ।

ङ) अनुगमन सम्बन्धि निर्देशिन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने र अन्य निकाय संग समन्वय गर्ने ।

**१९. गाउँकार्यपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) दिवा खाजा व्यवस्थपनको लागि संघीय सरकारबाट प्राप्त रकम बाहेक दिवा खाजाको व्यवस्थापनलाई चुस्त दुरुस्त गर्न थप बजेटको व्यवस्थापन तथा बाँडफाँड गर्ने ।

ख) शिक्षा शाखाबाट प्रस्तुत भएको दिवा खाजाको कार्ययोजना तथा वार्षिक बजेटलाई स्वीकृत गर्ने ।

ग) शिक्षा समितिबाट पेश भएको नीति, नियम, योजना तथा कार्यकमहरुको मस्यौदा माथि छलफल गरी आवश्यक परिमार्जन सहित स्विकृत गर्ने ।

घ) दिवा खाजा व्यवस्थापन सम्बन्धी नीति कार्यक्रम कार्यनिति निर्देशन तर्जुमा गर्ने, कार्यान्वयन गराउने ।

ङ) दिवा खाजाको विस्तार तथा गुणस्तरको लागि चाहिने स्रोतको लागि प्रदेश सरकारसँग सहयोगका लागि पहल गर्ने ।

**२०. गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) न्यूनतम मापदण्ड र आवश्यक पूर्वाधारहरुको व्यवस्थापनको लागि चाहिने आर्थिक तथा जिन्सी स्रोत व्यवस्थापनको लागि वडा कार्यालय, गाउँपालिका लगायत अन्य निकाय र दातासँग सहकार्य गर्ने ।

ख) आफ्नो मातहतको सम्पूर्ण निकाय तथा विद्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

ग) कार्यक्रम व्यवस्थापन तथा स्रोत परिचालनका लागि निजि क्षेत्र तथा स्थानिय सरकारी, गैर सरकारी संघ संस्थाहरुसंग समन्वय र साझेदारी गरी कार्यक्रम व्यवस्थापनको उपयुक्त ढाँचा निर्धारण गर्ने र सो अनुसार कार्यान्वयन गर्ने ।

घ) कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने

**२१. सामाजिक विकास समिति को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

CamScanner

क) यस समितिको बैठकमा आवश्यकता अनुसार पालिका अन्तर्गतको कृषि, पशु, सामाजिक सुरक्षा शाखाका प्रमुखहरु लगायत अन्य सरोकारवालाहरुलाई पनि आमन्त्रण गरी बहुक्षेत्रीय प्लेटफर्म कायम गरी आवश्यक सहयोग र सहकार्यका लागि पहल गर्ने ।

ख) शिक्षा शाखाले पेश गरेको दिवा खाजाको कार्ययोजना र बजेटमाथि आवश्यक छलफल गरी अनुमोदन गर्ने र गाउँकार्यपालिकामा स्वीकृतिको लागि आवश्यक पहल तथा समन्वय गर्ने ।

ग) आफ्नो पालिका भित्रको विद्यालयहरुलाई भौगोलिक सुगमता र पहुँचको आधारमा क्लस्टरमा विभाजन गरी प्रत्येक क्लस्टरमा भएका विद्यालयहरुको लागि चाहिने खाद्य सामग्रीहरुको आपूर्तिको लागि एउटा एउटा आपूर्तिकर्ता पहिचान गरी शिक्षा शाखामार्फत विद्यालयहरुलाई सिफारिस गर्ने ।

घ) दिवा खाजाको सञ्चालनको लागि चाहिने थप नीति, नियम, योजना तथा कार्यक्रमहरुको मस्यौदा तयार गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने ।

ङ) प्रत्येक ३ महिनामा कम्तीमा एकपटक आफ्नो मातहतको सम्पूर्ण विद्यालयहरुलाई संयुक्त अनुगमन गरी अनुगमनमा देखिएको विषयवस्तुलाई छलफल गरी समस्याहरुको समाधान गरी दिवा खाजालाई प्रभावकारी बनाउन पहल गर्ने ।

**२२. वडा कार्यालयको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) विद्यालयहरुलाई चाहिने आवश्यक पूर्वाधारको लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

ख) विद्यालय र गाउँपालिकाको विचमा पुलको काम गरी विभिन्न निकायहरु बिच समन्वय गर्ने ।

ग) तोकिएको मापदण्ड अनुसारको कार्य भएको नभएको अनुगमन गरी सुधारका प्रयास गर्ने गराउने ।

घ) आफ्ना मातहतका विद्यालयहरुलाई दिवा खाजाको लागि वार्षिक रुपमा सामाजिक परीक्षण गराउन सहयोग गर्ने ।

**२३. स्थानीय तह विषयगत शाखाहरु (शिक्षा युवा तथा खेलकुद शाखा , कृषि शाखा तथा साझेदार संस्था) ले गर्नु पर्ने कार्यहरु:**

**शिक्षा युवा तथा खेलकुद शाखा**

क) सम्वन्धित निकाय लगायत सहकारी, कृषी समूह, संघसंस्था, कृषि, पोषण, स्वास्थ्य विज्ञ, विद्यालय शिक्षक र वि.व्य.स.को सहभागीता तथा सल्लाह समन्वयमा तोकिएको मापदण्ड अनुसारको मेनु निर्माण गरी सामाजिक विकास समितिको स्वीकृति लिई कार्यान्वयन गर्ने ।

ख) दिवा खाजा सञ्चालनको लागि एउटा कार्ययोजना तथा वार्षिक बजेट बनाई सामाजिक विकास समितिमा अनुमोदन गराई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने ।

ग) दिवा खाजा सञ्चालनको लागि चाहिने मानव स्रोत तथा कर्मचारी आवश्यकता पहिचान गरी सोको व्यवस्थापनको लागि स्थानीय तह कार्यपालिकासँग पहल गर्ने ।

घ) विद्यालयहरुलाई तोकिएको मापदण्ड तथा नियमअनुसार मासिक/त्रैमासिक रुपमा निकासा दिने ।

ङ) विद्यालयहरुले पेश गरेको प्रगति प्रतिवेदनहरुलाई एकीकृत गरी आफ्नो स्थानीय तह स्तरीय प्रतिवेदन तयार गरी सो प्रतिवेदन गाउँपालिका लगायत अन्य निकायमा पेश गर्ने ।

च) मासिक प्रधानाध्यापक बैठकमा दिवा खाजा विषयसँग सम्वन्धित अनिवार्य रुपमा एउटा विषयवस्तुका रुपमा छलफल गर्ने गराउने र दिवा खाजालाई एउटा माध्यमको रुपमा उपयोग गरी बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र सिकाइमा सुनिश्चित गर्ने खालका क्रियाकलापहरुमा छलफल गराउने ।

छ) दिवा खाजा सञ्चालन तथा व्यवस्थापनमा कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरुको (भान्से, वि.व्य.स.र शिक्षकहरुको) क्षमता विकासका लागि सम्वन्धित निकायहरुसँग समन्वय गर्ने ।

ज) दिवा खाजाको कार्यान्वयन तोकिएको मापदण्ड अनुसारको भए नभएको अनुगमन गरी आवश्यक सल्लाह सुझाव र सहजीकरण गर्ने गराउने ।

**कृषि शाखा**

क) कृषक समुह गठन, अगुवा कृषक छनौट र क्षमता अभिवृद्धि गर्ने ।

ख) विद्यालय, सहकारी र कृषक वीच सम्झौता गर्न सहजीकरण गर्ने ।

ग) कृषकहरुको क्षमता तथा सिप विकास र अनुदान सहयोगका लागि योजना तर्जुमा गरि वजेट विनियोजनका लागि वकालत गर्ने तथा उत्पादन बृद्धिका लागी पहल गर्ने ।

घ) दिवा खाजा कार्यक्रम पुर्ण रुपमा स्थानीय उत्पादनमा आधारित गराउने उद्देश्यका साथ योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

**स्वास्थ्य शाखा**

विद्यालय स्वास्थ्य तथा पोषण रणनीतिमा उल्लेखित क्रियाकलापहरुमा सहजीकरण तथा सचेतना अभिवृद्धि कार्यक्रमहरु गर्ने ।

**आर्थिक प्रशासन शाखा:**

दिवा खाजा कार्यक्रम बाफत संघीय सरकारबाट प्राप्त रकम प्रचलित नियम, कार्यविधि बमोजिम खर्च भए नभएको एकिन गरी भुक्तानी दिने ।

**२४. विद्यालयका प्रधानाध्यापकको काम, कर्तव्य र जिम्मेबारी**

क) पालिकाबाट खाजाको रकम निकासा लिई सहकारी/कृषक समूह/कृषि फर्मलाई मासिक रुपमा उपलब्ध गराउने ।

ख) विद्यार्थीको दैनिक उपस्थितिका आधारमा दिवा खाजा पकाउनु पर्ने भएकाले दैनिक रुपमा विद्यार्थी संख्या खाजा तयार गर्न तोकिएको व्यक्तिलाई उपलब्ध गराउने ।

ग) दिवा खाजाका सामानको उचित भण्डारण गर्ने ठाउँ तथा दिवा खाजा पकाउने ठाउँ उपलब्ध गराउनका साथै सरसफाईको उचित प्रवन्ध गर्न गराउन सहयोग पुऱ्याउने ।

घ) दिवा खाजाको आम्दानी खर्चको हिसाव लिई मासिक प्रगति विद्यालय व्यवस्थापन समितिबाट पारित गरी पालिकामा पठाउने ।

ङ) दिवा खाजा सम्वन्धमा पालिकाबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

च) विद्यार्थीको भर्ना, नियमितता, सिकाई अधिकार, स्वास्थ्य र पोषण तथा सरसफाई बारे अभिभावकला जानकारी गराउने ।

छ) दिवाखाजा कार्यक्रमको संक्षिप्त सूचनामूलक चार्ट तयार गरी कार्यालय कक्षमा प्रदर्शन गरी राख्ने

ज) विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि आवश्यक पर्ने थप स्रोत साधन तथा सहयोग उपलब्ध गराउने ।

झ) नियमित अनुगमन गरी सुझाव कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

ण) अभिभावक भेला गराई स्वच्छ शैक्षिक वातावरण सिर्जना गर्न अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने

त) वार्षिक रुपमा सामाजिक परीक्षण गराई सम्वन्धित निकायमा तोकिएको ढाँचामा प्रतिवेदन पठाउने

थ) यस निर्देशिका तथा प्रचलित कानुनले तोकेका अन्य कार्य गर्ने ।

## २५. विद्यालय व्यवस्थापन समिति काम, कर्तव्य र जिम्मेबारी

क) प्रत्येक शैक्षिक सत्र प्रारम्भ हुनु पूर्व दिवा खाजा व्यवस्थापन तथा कार्यान्वयनको सम्वन्धमा समि गरी प्रतिवेदन तथा वार्षिक कार्ययोजना निर्माण गर्न लगाउने ।

ख) तोकिएको मापदण्ड अनुरुप भान्सा, भण्डारण, सरसफाई, खाद्य सामाग्री र खाजाको व्यवस्था गर्ने

ग) खाजा तयारी व्यवस्थापन अनुगमन गरी देखिएका समस्या समाधानका उपाय अवलम्बन गर्ने, गराउ ।

घ) विद्यालय दिवा खाजाको अभिलेख राख्ने, राख्न लगाउने ।

ङ) शिक्षण सिकाईको समय न्यून हुन नदिन खाजा तयारी तथा व्यवस्थापनमा शिक्षक संलग्नताल सकभर हटाउने ।

च) स्थानीय कृषि उत्पादनबाट दिवा खाजाका लागि आवश्यक खाद्य सामाग्री उपलब्ध हुने व्यवस मिलाउने ।

## २६. अभिभावक/आमा समूह काम, कर्तव्य र जिम्मेबारी

क) विद्यालयमा खाजा तयारी तथा वितरणमा रेखदेख तथा सहयोग गर्ने ।

ख) विद्यालयको माग अनुसारको खाद्य सामाग्रीहरु उत्पादन गर्ने, गराउने ।

ग) विद्यालयमा दिवा खाजाको लागि स्थानिय उत्पादित खाद्य सामाग्रीहरु उपलब्ध गराउँदा गुणस्तरी समाग्रीहरु उपलब्ध गराउने ।

घ) आफ्ना बावबालिकालाई विद्यालयले मेनु अनुसारका खाजा उपलब्ध गरे, नगरेको छलफल त अनुगमन गर्ने ।

## परिच्छेद - ७

## दिवा खाजाको लागि खाद्य सुरक्षा, स्वच्छता तथा गुणस्तर सम्बन्धी व्यवस्था

CamScanner

## २७. दिवा खाजा तयारीका क्रममा अपनाइने खाद्य सुरक्षा तथा स्वच्छता

क) भान्सा, भान्सा सामाग्री नियमित सरसफाई गर्ने, खाना छुँदा र बालबालिकालाई वितरण गर्नु पुर्व सफा हुने गरी हात धुने ।

ख) सुरक्षित पानी र खाद्यवस्तु मात्र प्रयोग गर्ने, नपकाई खाने खानालाई सफा पानिले धुने, उपभोग्य मिति नाधिसकेको खाद्य सामाग्री वा खानेकुराहरु प्रयोग नगर्ने ।

ग) खाद्य वस्तु तयार गर्दा खानेकुरालाई राम्ररी पकाउने र खाना तयार भएपछि जतिसक्दो चाडो वितरण गर्ने ।

## २८. सफा पानीको उपलब्धता र सरसफाई क्रियाकलाप

विद्यालयमा उपयुक्त खानेपानी, सरसफाइ र स्वच्छता को लागि विद्यालयले आवश्यक व्यवस्था गर्नुपर्नेछ । यस्तो सुविधाको उपलब्धता तथा पूर्वाधार व्यवस्थापनका लागि गाउँपालिकाले सम्बन्धित निकाय, दातृसंस्थाहरुबाट समेत सहयोग परिचालन गर्न सक्ने छ । खाजा खानु अगाडी सबै विद्यार्थीहरुलाई नियमित हात धुने र सरसफाई गर्ने गराउने सुनिश्चितता प्र.अ. ले गर्नु पर्दछ ।

## २९. विद्यालय स्वास्थ्य क्रियाकलाप

विद्यार्थीहरुलाई बार्षिक स्वास्थ्य परिक्षण, जुकाको औषधि, भिटामिन ए तथा आइरन फोलिक चक्की खुवाउने जस्ता पोषण तथा स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु गर्न वडामा रहेका स्वास्थ्य चौकीहरुले यथोचित व्यवस्था समयमा गर्नुपर्ने छ ।

## ३०. पोषण शिक्षा तथा सचेतना

विद्यालयहरुले विद्यार्थीहरुमा पोषण शिक्षा चेतना जागरण कार्यक्रम आवधिक रुपमा गर्नुपर्ने छ । यस अन्तर्गत पालिका तथा बिद्यालय स्तरमा पोषण सप्ताह मार्फत विद्यालयहरुले खाना तथा पोषण मेला, पोषणयुक्त खाद्य सामाग्री सङकलन तथा प्रदर्शनी, करेसाबारी तथा बगैंचा अवलोकन भ्रमण, पोषण खेल जस्ता क्रियाकलापहरु आयोजना गर्नुपर्ने छ ।

## ३१. करेसाबारी व्यवस्थापन

बालबालिकाहरुलाई ताजा तरकारी आपूर्ति गर्न र सिकाई प्रयोगशाला उपलब्ध गराउन विद्यालयहरुमा रहेको जग्गा या अन्य व्यक्तिको जग्गा भाडा लिएर पनि करेसाबारी व्यवस्थापन गर्न सक्नेछ । आवश्यकता अनुसार गाउँपालिकाले करेसावारी व्यवस्थापनका लागि विद्यालयहरुलाई विउविजन, उपकरण, औजार र प्राविधिक सहयोग उपलब्ध गराउने छ ।

परिच्छेद - ८

**३२. दिवा खाजाको लागि चाहिने आवश्यकताहरुको लागि लागत साझेदारी**

क) विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि नेपाल सरकार, प्रदेश सरकार सहित स्थानीय तह, सहयोगी संस्था र अभिभावक बीच सककार्य र साझेदारी गरिने छ ।

ख) दिवा खाजा व्यवस्थापनका लागि स्थानीय सहकारी, आमा समूह, क्यान्टिन/क्याटरिङ संचालक, कृषक समुहसंग आवश्यक वित्तीय, व्यवस्थापकीय तथा लागत साझेदारी गर्न सकिने छ ।

**परिच्छेद -९**

**दिवा खाजाको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था**

**३३. दिवा खाजा कार्यक्रमको अनुगमन**

- यस सम्बन्धी अनुगमनको लागि आवश्यक समन्वय र संयोजन गर्ने जिम्मेवारी गाउँपालिका शिक्षा शाखाको हुनेछ ।
- गाउँपालिकामा भएका अनुगमन समितिहरु बाट समय समयमा अनुगमन गरिनेछ ।
- अनुगमन गर्दा अनुसूची ४ मा भएको अनुगमन चेकलिष्टको आधारमा गरिनेछ ।
- गाउँपालिकामा कार्यान्वयनमा रहेको अनुगमन प्रणाली तथा अनुगमन फारममा दिवा खाजा सुचकहरु समावेश गरि एकिकृत अनुगमन प्रणालीमा समाहित गर्ने तथा छुट्टै अनुगमन प्रणाली विकासमा जोड दिईने छ ।

**३४. दिवा खाजा कार्यक्रमको अभिलेख**

प्रत्येक विद्यालय र वि.व्य.स.ले दिवा खाजा सम्बन्धी विद्यार्थीहरुको भर्ना, सहभागिता, सिकाइ उपलब्धि साथै खरिद योजना तथा खाद्य सामग्री खरिद तथा खर्चको भरपाई लगायत अन्य प्रगति र सफलता विस्तृत अभिलेख राख्ने छ । त्यस्तै शिक्षा शाखाले पनि विद्यालयहरुले पेस गरेको प्रतिवेदनहरुलाई एकीकृत गरी पालिका स्तरीय अभिलेख तयार पार्ने छ ।

**३५. दिवा खाजा कार्यकमको प्रतिवेदन**

दिवा खाजा कार्यकमको प्रतिवेदन विद्यालय, शिक्षा युवा तथा खेलकुद शाखा तथा सामाजिक विकास समितिले देहायबमोजिम गर्ने छ ।

**क) विद्यालय तहबाट पेस गर्नुपर्ने प्रतिवेदन**

वि.व्य.स.ले विद्यालयको सहयोगमा निम्नअनुसारको प्रतिवेदन तयार गरी स्थानीय तहको शिक्षा शाखामा पेश गर्ने छ ।

- वार्षिक खरिद योजना (अनुसूची ५)
- वार्षिक प्रगति प्रतिवेदन
- त्रैमासिक प्रगति प्रतिवेदन तथा अनुदान रकम माग फारम
- सामाजिक परीक्षणको प्रतिवेदन

**ख) स्थानीय तहको शिक्षा समिति**

स्थानीय तहको शिक्षा समितिले निम्नअनुसारको प्रतिवेदन तयार गरेर सामाजिक विकास समिति तथा स्थानीय तह र माथिल्लो निकायमा पेश गर्ने छ।

- एकीकृत वार्षिक खरिद योजना
- एकीकृत वार्षिक प्रगति प्रतिवेदन
- अनुगमन प्रगति प्रतिवेदन

## परिच्छेद १०
## दिवा खाजाको सञ्चालनको लागी आवश्यक क्षमता विकास सम्बन्धि व्यवस्था

३६. गाउँपालिकाले पारस्परिक साझेदारीमा दिवा खाजासंग संलग्न व्यक्ति तथा संस्थाहरुको क्षमता विकासका लागी कार्यक्रम सञ्चालन गर्न सक्ने छ।

३७. गाउँपालिकाले सबै भान्सेको लागी समय समयमा खाजा पकाउने तालिम लगायत अन्य पोषण र सरसफाई सम्बन्धि तालिम संचालन र उनीहरुको सिप तथा क्षमता अभिवृद्धि गर्ने छ।

३८. यो कार्यविधिमा उल्लेख गरिएका कुराहरु प्रचलित कुनै कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ।

## अनुसूची १ : खाजा मेनु

सुर्मा गाउँपालिका
सुदूरपश्चिम प्रदेश, बौलिचौर, बझाङ, नेपाल

विद्यालय दिवा खाजाको साप्ताहिक तालिका (मेनु)

| क.स. | बार | अनिवार्य परिकार | आवश्यक खाद्यान्न परिमाण | वैकल्पिक परिकार | आवश्यक खाद्यान्न परिमाण |
|---|---|---|---|---|---|
| १ | आइतबार | खिचडी | चामल ६० ग्राम, भटमास १० ग्राम, मसुरो २० ग्राम, सिजन अनुसारको हरियो सागपात ३० ग्राम, आलु १५ ग्राम, टमाटर/प्याज ५ ग्राम, धनिया २ ग्राम, नुन तेल मसला ८ ग्राम। | पुरी तरकारी | गहुँको पिठो ८० ग्राम, सिजन अनुसारको सागपात १५ ग्राम, आलु २० ग्राम, भटमास १० ग्राम, टमाटर/प्याज १० ग्राम, तेल २५ ग्राम, नुन मसला ३ ग्राम |
| २ | सोमबार | दाल भात तरकारी | चामल ६० ग्राम, गेडागुडी ४० ग्राम, सिजन अनुसारको सागपात ३० ग्राम, आलु २० ग्राम, टमाटर प्याज १० ग्राम, तेल ५ ग्राम नुन, मसला ५ ग्राम। | | |
| ३ | मंगलबार | ढिडो | अन्नको पिठो (कोदो, फापर, मकै) ८० ग्राम, सिजन अनुसारको हरियो सागपात २० ग्राम, आलु २५ ग्राम, टमाटर/प्याज ५ ग्राम, चिनी ८ ग्राम, अचार (काक्रो, मुला,चोलो) १० ग्राम, तेल १० ग्राम, नुन मसला ५ ग्राम। | खिर चटनी | चामल ६० ग्राम, दुध ६० ग्राम, चिनी ५ ग्राम, टमाटर १० ग्राम, हरियो धनिया लसुन ५ ग्राम, धागो/तिरकुमो १० ग्राम, नुन मसला ३ ग्राम। |
| ४ | बुधबार | आलु फर्राई मोहि | आलु १२० ग्राम, मोहि १५० ग्राम, केराउ/सिमी १० ग्राम, टमाटर प्याज ५ ग्राम, हरियो धनिया ३ ग्राम, नुन मसला ३ ग्राम। | | |
| ५ | बिहिबार | गेडागुडी र अण्डा | मिक्स गेडागुडी ५० ग्राम, मकैको पिठो ५ ग्राम, आलु ४० ग्राम, अण्डा २० ग्राम, टमाटर प्याज १० ग्राम, धनिया ५ ग्राम, तेल ५ ग्राम, नुन मसला ३ ग्राम। | आलु चिउरा | कुकुराको आलु २० ग्राम, चिउरा ५० ग्राम, तेल ३ ग्राम, टमाटर प्याज १० ग्राम, नुन मसला ५ ग्राम। |
| ६ | शुक्रबार | फलफुल | स्याउ २० ग्राम, केरा ५० ग्राम, नास्पाती ३० ग्राम, कुसम ४० ग्राम, आरु ४० ग्राम, नुन मसला २ ग्राम। | | |

प्राविधिक सहयोग
विश्व खाद्य कार्यक्रम (WFP)

[illegible]

अनुसूची २ :

**विद्यालय दिवा खाजाको लागि खाद्य सामग्री आपूर्तिको आपूर्तिकर्ता र विद्यालय तथा पालिका बिच भएको सम्झौता**

बोलपत्र न ..............................................................

विद्यालय/पालिकाको नाम ......................................वडा नं. ..............................

आपूर्तिकर्ताको नाम ..............................................................

ठेगाना ..............................................................

सम्पर्क नं ..............................................................

तल उल्लेखित शर्त अनुसार तालिका क बमोजिमका खाद्य सामग्रीहरु खरिद तथा आपूर्ति गर्न दुवै पा मञ्जुर भई यो सम्झौता आ ...................................................................................... का दिन मा भनिएका विद्यालय र पालिका तथा आपूर्तिकर्ता विच सम्पन्न भएको छ ।

तालिका क : खरिद तथा आपूर्ति गरिने खाद्य सामग्रीहरु

| क्र. स. | खाद्य सामग्री | खाद्य सामग्रीको प्रकार | जम्मा परिमाण | एकाइ मूल्य दर रु | जम्मा मूल्य रु | आपूर्ति समय तरिका |
|---|---|---|---|---|---|---|
| (क) अन्न | | | | | | |
| | | | | | | |
| | | | | | | |
| (ख) दाल तथा गेडागुडी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| (ग) हरियो सागपात | | | | | | |
| | | | | | | |
| | | | | | | |
| (घ) अरु तरकारी | | | | | | |
| | | | | | | |
| | | | | | | |
| (ङ) जरा तथा कन्दमुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| (च) फलफुल | | | | | | |
| | | | | | | |
| | | | | | | |
| (छ) बदाम | | | | | | |
| | | | | | | |
| | | | | | | |

| (ज) अण्डा | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**सम्झौता मान्य हुने अवधि :**

१. खाद्य सामग्रीको परिमाण: आपूर्तिकर्ताले निर्धारित समय तालिका अनुसार तोकिएको परिमाणमा खाद्य सामग्रीहरु विद्यालयलाई आपूर्ती गर्ने छ। जुन तालिका क मा उल्लेख गरे अनुसार हुनेछ।

२. दरभाउ तथा मूल्य: दुवै पक्षले सहमती गरे अनुसार आपूर्तिकर्ताले विद्यालयलाई उपलब्ध गराउने विभिन्न खाद्य सामाग्रीको एकाइ मूल्य दर तालिका क मा उल्लेख गरे अनुसार हुनेछ।

३. ढुवानी खर्च: आपूर्तिकर्ताले विद्यालयसम्म खाद्य सामग्री ढुवानी गरेबापत कुनै थप सुविधा पाउने छैन र स्वयं खर्च आपुर्तिकर्ताले व्यवस्थापन गर्नुपर्ने छ।

४. असमर्थताको पूर्व सुचना: कुनै कारणले निर्धारित समय तालिकामा खाद्य सामग्री आपूर्ति गर्न नसक्ने कारण सहित आपूर्तिकर्ताले कम्तीमा एक हप्ता अगाडी विद्यालयलाई सोको जानकारी गराउनु पर्नेछ। प्रत्येक पटक आपूर्ति भएका खाद्य सामग्री बुझे बुझाएको ढाँचा १ बमोजिमको आपूर्ति पत्र लिने र दिने गर्नुपर्ने छ।

५. खाद्य सामग्रीको निरिक्षण जाँच: खाद्य सामग्री आपूर्तिको समयमा विद्यालयबाट तोकिएको व्यक्तिले खाद्य सामग्रीको निरिक्षण जाँच गर्ने छ। कुनै सामग्री खराब पाइएमा आपूर्ति पत्रमा जनाइ त्यस्ता सामग्री स्वीकार नगरी फिर्ता गरिनेछ।

६. खाद्य सामग्रीको भुक्तानी: आपूर्तिकर्ताले कम्तीमा एक महिना अगाडी आपूर्ति भएका खाद्य सामग्रीको बिल भुक्तानीका लागि विद्यालयलाई पठाउने छ। विद्यालयले बीजक (Invoice) बाट बैङ्क मार्फत बिलको भुक्तानी गर्नुपर्ने छ।

७. मूल्यमा भिन्नता: प्राकृतिक प्रकोप, सख्खा खडेरी, सङ्कटासन्न स्थिति जस्ता अपवादका परिस्थिति बाहेक सम्झौता मूल्य रकममा परिवर्तन हुने छैन। त्यस्तो अपवादका परिस्थितिमा दुवै पक्षविच छलफल गरिनेछ।

८. मध्यस्थानकर्ता: खाद्य सामग्री खरिद तथा आपूर्तिका क्रममा कुनै विवाद उत्पन्न भएमा विवादको समाधान तथा मध्यस्थताका लागि कुनै एक तेस्रो पक्षलाई मध्यस्थकर्ता नियुक्त गरिने छ।

**आपूर्तिकर्ताका तर्फबाट**
**नाम :**
सहि :
मिति र स्थान :
**विद्यालयको तर्फबाट**
**नाम :**
सहि :
**साक्षी नाम :**
सहि :
मिति र स्थान :

आज्ञाले
नाम : ..........................
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३
सुर्मा गाउँपालिका
शिक्षा युवा तथा खेलकुद शाखा

## मासिक/त्रैमासिक प्रगति विवरण तथा अनुदान निकासा फारम
(मासिक/त्रैमासिक प्रगति विवरणका आधारमा तथ्याङ्क भर्नुपर्ने)

विद्यालयको नाम : वडा नं :
अघिल्लो मासिक/त्रैमासिकमा विद्यालय सञ्चालित दिन :
खाजा उपभोग भएको जम्मा दिन :

क) अघिल्लो मासिक/त्रैमासिकको विद्यार्थी सख्या

| विवरण | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| जम्मा भर्ना | | | |
| जम्मा उपस्थिति दिन | | | |
| खाजा उपभोग भएको दिन | | | |

ख) पछिल्लो मौज्दातको र आगामी निकासाको विवरण

| विवरण | रकम (रु हजारमा) | खाद्य सामग्री १ (केजि) | खाद्य सामग्री २ (केजि) | खाद्य सामग्री ३ (केजि) | खाद्य सामग्री ४ (केजि) |
|---|---|---|---|---|---|
| गत मासिक/त्रैमासिकको मौज्दात | | | | | |
| गत मासिक/त्रैमासिकको प्राप्त | | | | | |
| गत मासिक/त्रैमासिकको खर्च | | | | | |
| बचत र मौज्दात | | | | | |
| जम्मा विद्यार्थी भर्ना | | | | | |
| आगामी त्रैमासिक खाजा उपभोग हुने दिन | | | | | |
| प्रति दिन प्रति विद्यार्थी लागत रकम र आवश्यक खाद्य सामाग्री परिणाम दर | | | | | |
| आवश्यक खाद्य सामग्री परिणाम र रकम | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा मौज्दात र बचत | | | | | |
| निकासा हुनुपर्ने रकम र खाद्य सामग्री परिणाम | | | | | |

वि.व्य.स अध्यक्षको नाम :
सहि :
खाद्य सामग्री वा रकम निकासा गर्ने अधिकारीको नाम :
सहि :
सामग्री बुझिलिनेको नाम :
सहि :
विद्यालय छाप :

## अनुसूची ४

### विद्यालय तहबाट पेश गर्नु वार्षिक विवरण फाराम
### सुर्मा गाउँपालिका
### शिक्षा युवा तथा खेलकुद शाखा

यो फाराम प्रत्येक विद्यालयको शैक्षिक सत्रमा विद्यालय भर्ना समय सुरु भएपछि वैशाख देखि जेठ १५ गते भित्रमा भरी शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य पठाउनु पर्छ ।

विद्यालयको नाम :
शैक्षिक वर्ष :
१. भर्ना संख्या(कृपया यस शैक्षिक वर्षको भर्ना संस्था विवरण तल दिइएको विवरण अनुसार भर्नुहोस् :

| कक्षा | छात्र | छात्रा | जम्मा | दलित | | |
|---|---|---|---|---|---|---|
| बाल कक्षा | | | | छात्र | छात्र | जम्मा |
| कक्षा १ | | | | | | |
| कक्षा २ | | | | | | |
| कक्षा ३ | | | | | | |
| कक्षा ४ | | | | | | |
| कक्षा ५ | | | | | | |
| जम्मा (१-५) | | | | | | |

२. शिक्षक

| शिक्षक संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| | | | |

३. कक्षा कोठा

| | नराम्रो | ठिकै | राम्रो | पठन पाठनमा प्रयास भएको | जम्मा |
|---|---|---|---|---|---|
| कृपया कक्षा कोठाको गुणस्तरको आधारमा लेख्नुहोस् । | | | | | |

४. पानी र सरसफाई

| | | | |
|---|---|---|---|
| ४.१ | विद्यालयको लागि खानेपानी श्रोत ? | १ धारा<br>२ इनार<br>३ खोला | ४ पोखरी<br>५ केही छैन<br>६ अन्य |
| ४.२ | विद्यालयबाट पानीको स्रोत कति टाढा छ ? | विद्यालय हाता भित्र<br>२.५ -१० मिनेट हिड्नु पर्ने | ३.छ देखि १० मिनेट हिड्नु पर्ने<br>४.३० मिनेट भन्दा बढी हिड्नु पर्ने |
| ४.३ | विद्यालयमा चर्पीको व्यवस्था छ ? | १ छ<br>२ छैन | ३ विग्रीएको अवस्थामा<br>४ मर्मत गर्न सकिने /नसकिने<br>५ छात्र/छात्रा छुट्टै |
| ४.४ | विद्यार्थीहरु दिसा पिसाब गर्न कहाँ जान्छन् ? | १ विद्यालयको शौचालयमा<br>२ विद्यालय नजिकको चौरमा | ३ विद्यालय भन्दा टाढाको चौरमा<br>४ थाहा छैन<br>५ अन्य |
| ४.५ | शिक्षकहरु दिसा पिसाब गर्न कहाँ जान्छन् ? | १ विद्यालयको शौचालयमा<br>२ विद्यालय नजिकको चौरमा | |

५. भान्छा घरको व्यवस्था, भान्छे तथा इन्धन/दाउराको स्रोत

| | | | |
|---|---|---|---|
| ५.१ | भान्छा घरको स्रोत कस्तो छ ? | १. छुट्टै भान्छा<br>२. कक्षा कोठामा | ३.केहि छैन<br>४. खुला चौर |
| ५.२ | इन्धनको लागि के को प्रयोग गर्नुहुन्छ ? | १. दाउरा<br>२. मट्टीतेल | ३. ग्यास<br>४. अन्य |
| ५.३ | इन्धनका लागि स्रोत के हो ? | १. खरिद<br>२. अनुदान<br>३. विद्यालयद्वारा संकलित | ४. विद्यार्थीद्वारा संक<br>५. अभिभावक<br>६. अन्य |

| | | | |
|---|---|---|---|
| ५.४ | इन्धनको लागि विद्यालयले प्रतिमहिना कति खर्च गर्नु पर्छ ? (विद्यालयले अनुमानित रकम उल्लेख गर्ने) | | |
| ५.५ | तपाईंको विद्यालयमा मेनु अनुसारको खाजा कसले पकाउनु हुन्छ ? | १. शिक्षक<br>२. भान्छे र विद्यालय सहयोगी<br>३. स्वयम सेवक भान्छे | ४. खा. व्य.स.को सदस्य<br>५. अभिभावक<br>६. अन्य |
| ५.६ | तलबको लागि स्रोत के हो ? | १. विद्यालय स्रोत<br>२. शिक्षक<br>३. विद्यार्थी र अभिभावक | ४. बाहिरि अनुदान<br>५. स्थानिय तह<br>६. अन्य |

६. खाद्यन्न ढुवानी तथा भण्डारण

| | | | |
|---|---|---|---|
| ६.१ | विवरण केन्द्र तपाईंको विद्यालय कति टाढा छ ? | क) ......... कि.मि. गाडी | ख) हिडेर |
| ६.२ | खाद्यान्न ढुवानी वितरण केन्द्रहरुबाट विद्यालयसम्म कसले /कसरी गर्नुहुन्छ ? | १. शिक्षक<br>२. भान्छे र विद्यालय सहयोगी<br>३. स्वयम सेवक भान्छे<br>४. सहकारी | ४. खाद्य व्यवस्थापन समितिको सदस्य<br>५. अभिभावक<br>६. अन्य |
| ६.३ | ढुवानी लागि विद्यालयले प्रति महिना कति खर्च गर्नु पर्छ ? (नयाँ विद्यालयले अनुमानित रकम उल्लेख गर्नुपर्ने ) | | |
| ६.४ | खाद्यान्न ढुवानीको पैसाको लागि स्रोत के हो ? | १. विद्यालय स्रोत<br>२. शिक्षक<br>३. विद्यार्थी र अभिभावक | ४. वाहिर अनुदान<br>५. स्थानिय तह<br>६. अन्य |
| ६.५ | खाद्यन्न कहाँ भण्डारण गर्नु हुन्छ /गर्नु हुनेछ ? | १. भण्डारणको लागि अलगै कोठा<br>२. विद्यालयको कार्यालय कोठा भित्र<br>३. अलगै कोठा विद्यालय बाहिर | |
| ६.६ | खाद्य तथा गैर खाद्य सामाग्रीहरुको सुरक्षा कस्ले, कसरी गर्नु हुन्छ / गर्नु हुनेछ ? | | |

७. गत शैक्षिक सत्रमा विद्यार्थी उत्तिर्ण संख्या

| कक्षा | गत शैक्षिक सत्रको विवरण | | | [illegible] परीक्षाको लागि सम्मिलित (साल..........................) | | | उर्त्तिण संख्या (साल....................) | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा |
| कक्षा १ | | | | | | | | |
| कक्षा २ | | | | | | | | |
| कक्षा ३ | | | | | | | | |
| कक्षा ४ | | | | | | | | |
| कक्षा ५ | | | | | | | | |
| जम्मा : | | | | | | | | |

९. शैक्षिक उपलब्धी

| क.स. | मापन | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| ९.१ | भर्ना दरमा वृद्धि | | | |
| ९.२ | सिकाइ उपलब्धी (विषयगत समष्टी) | | | |
| ९.३ | कक्षा दोह-याउने संस्था | | | |
| ९.४ | कक्षा छाड्ने संख्या | | | |
| ९.५ | विद्यालय तह पुरा गर्ने संख्या (टिकाउ दर कक्षा १ देखि ५ | | | |

**तयार गर्ने :**
प्रधानाध्यापकको नाम :
:
हस्ताक्षर :
मिति :

**पेश गर्ने :**
अध्यक्ष वि.व्य.स.को नाम :
हस्ताक्षर :
मिति :

**प्रमाणित गर्ने :**
स्थानिय तह शिक्षा शाखा प्रमु
हस्ताक्षर :
मिति :

## अनुसूची ५

### गाउँपालिकाले भर्नुपर्ने फारमहरु
### अनुगमन फारम

विद्यालयको नाम :
स्थानिय तहको नाम :

भ्रमण गरेको मिति :
अनुगमनकर्ताको नाम :
विद्यालय सम्पर्क फोन नं :

विद्यालयको कोर्ड न :

विद्यार्थी भर्ना तथा उपस्थिति विवरण :

| विद्यार्थी विवरण | भर्ना विवरण | | | अनुगमनका समय उपस्थित विद्यार्थी स | | |
|---|---|---|---|---|---|---|
| वाल कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा १ | | | | | | |
| कक्षा २ | | | | | | |
| कक्षा ३ | | | | | | |
| कक्षा ४ | | | | | | |
| कक्षा ५ | | | | | | |
| जम्मा | | | | | | |

अघिल्लो हप्ताको हाजिरी विवरण उल्लेख भए अनुसार विद्यार्थी औसत उपस्थिति ............

**प्रधानाध्यापक वा शिक्षक र कर्मचारीहरुसँग गरिने अन्तरक्रिया**

१. विद्यार्थीहरुको औसत उपस्थिति

क. निरीक्षण गरिएको दिन विद्यार्थीको औसत उपस्थिति:

ख. उपस्थिति कम भएमा कारण:

१. खेति स्याहार्ने र लगाउने बेला भएर ।

२. अभिभावकले विद्यालय नपठाएर ।

३. घरमा काम परेकाले ।

४. बिरामी परेकाले ।

५. अन्य कारणले ।

२.२ सबै कक्षाको विद्यार्थीहरुको उपस्थितिको रेकर्ड सधैं राखिने गरिएको छ र छैन ?

नराखेको भए कारण

१. विद्यालय यवस्थापन समिति सक्रिय छ वा छैन यदि छैन भने किन ?

२. विद्यलाय व्यवस्थापन समितिले के के मा सहयोग गर्छन ?

क) अनुगमन कार्यमा सहयोग गर्दछन् ।

ख) अभिभावकहरुलाई दिवा खाजा पकाउनमा सहभागी गराउन पहल ।

ग) परि आएको काममा सहयोग गर्छन् ।

३.३ विद्यालय व्यवस्थापन समितिको बैठक कति समयमा बस्छ र निर्णय माइन्यूट गर्ने गरिएको भए बैठक बसेको मिति समेत टिर्पोट गर्ने ।

१. निर्णयको कार्यान्वयनको स्थिति :

२. खाजा तथा भाँडा वर्तनको भण्डारण कहाँ र कसरी गरिने गरिएको छ ? उल्लेख गर्नुपर्ने ।

३. प्राप्त भएका प्रचार प्रसारका सामाग्रीहरु देखिने स्थानमा राखिएको छन् /छैन ? उल्लेख गर्नुपर्ने ।

४. विद्यालयले प्राप्त गरिएका भाँडा वर्तन प्रयोजनामा ल्याएको छन् /छैन भने किन ?

५. लेजरवुकमा खाद्यान्न तथा गैर खाद्यान्नहरुको रेकर्ड राखिएको छ /छैन भने किन ?

६. रजिष्टरमा दैनिक मासिक खाद्यान्नहरुको अभिलेख राखिएको छ /छैन भने किन ?

७. भान्छा खाजा तयारी र विवरण

८. भान्छा कोठाको व्यवस्था कस्तो छ ?

९. चुल्होको अवस्था कस्तो छ ?

१०. पानी, इन्धनको व्यवस्था कसरी गरिएको छ ?

११. खाजा बनाउने भान्छेको व्यवस्था छ /छैन ? भान्छे भान्छा कोठा र भाँडाकुडाको सरसफाई छ /छैन भने किन ?

१२. भान्छे तालिम प्राप्त छ /छैन ?

१३. खाजा मेनु अनुसार पकाउने गरेको छ/छैन ?
१४. खाजा तोकिएको परिणाम अनुसार दिने गरेको छ/छैन भने किन ?
१४. खाजा पकाउँदा तोकिएको स्केल अनुसार नापेर पकाउने गरिएको छ /छैन भने किन ?
१५. विद्यालय सञ्चालन भएको प्रत्येक दिन खाजा पकाउने गरेको छ ?
क) विद्यालय सञ्चालन हुने हरेक दिन ।
ख) कहिले काही ।
ग) छैन भने किन ?
१. खाजा खानु भन्दा अगाडि हात के ले धुने गरिएको छ ?
२. भाँडा केले सफा गर्नु हुन्छ ?
३. विद्यार्थीले खाजा केमा खाने गरेका छन् ?
४. शौचालयमा प्रयाप्त पानी छ /छैन ?
५. छात्राहरुको लागि अलग शौचालयको व्यवस्था छ /छैन ?
६. खाजा भण्डारण खाजा तयारी र सरसफाईको अनुगमन कर्ताले दिएका सुझावहरु :
७. खाद्यान्नको स्थिति :
८. प्राप्त भएको खाद्यान्नहरु (चामल, दाल, तेल, नुन, मसला तथा सागपात) को अवस्था ?

| क. स. | विवरण | अधिल्लो महिनाको मौज्दात | यस महिनाको प्राप्त | जम्मा प्राप्त | निरिक्षण गरेको दिन सम्मको खर्च | बाँकी मौज्दात | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | चामल | | | | | | |
| २ | दाल | | | | | | |
| ३ | तेल | | | | | | |
| ४ | नुन, मसला | | | | | | |
| ५ | सागपात | | | | | | |
| | अन्य | | | | | | |

९. गैर खाद्य सामाग्रीहरुको स्थिति

| क. स. | विवरण | हालको मौज्दात | कैफियत |
|---|---|---|---|
| १ | वाल्टी | | |
| २ | डेक्ची | | |
| ३ | डाडु पन्यू | | |
| ४ | प्लेट/थाली | | |
| ५ | मेजरिङ कप २५० ग्राम | | |
| ६ | मेजरिङ कप २ के. जि | | |
| ७ | कराही | | |
| ८ | अन्य | | |

१०. दिवा खाजा कार्यक्रममा स्थानिय तहको भूमिका :
११. दिवा खाजा व्यवस्थित गर्न विद्यालय स्तरबाट गरिएको प्रयासहरु :

१२ विद्यालयमा सञ्चालित कार्यक्रम भए उल्लेख गर्ने ।
१३ विद्यालयले गुणात्मक शिक्षा दिने सन्दर्भमा भोगेका समस्या बुदांगत रुपमा उल्लेख गर्ने । समाधानका लागि अपनाएका उपायहरु समेत उल्लेख गर्ने ।
१४. समस्याहरु :
१५. समाधानका लागि अपनाएका उपायहरु :

प्र.अ र शिक्षकको नाम :
हस्ताक्षर :

मिति :
छाप :

अनुगमनकर्ताको नाम :
हस्ताक्षर :

पद :
मिति :

## अनुसूची ६
### खरिद समितिले तयार गर्नुपर्ने खरिद योजनाको विवरण

विद्यालय :

............................................... गाउँपालिका

वडा नं :

क) खाद्य सामग्री परिणाम र लागत अनुमान

| निर्धारित खाद्य टोकरी परिकार | ...... वर्षमा खाजा उपभोग हुने अनुमानित दिन | खाजा परिणाम को दर | जम्मा विद्यार्थी भर्ना | आवश्यक पर्ने सामग्री को परिणाम | बचत र मौज्दात खाद्य सामग्री को वास्तविक परिणाम | खर्च गर्नुपर्ने खाद्य सामग्री को वास्तविक परिणाम | अनुमानित एकाइ मूल्य दर | अनुमानित जम्मा मूल्य | सामाग्री को गुणस्तर विवरण -ब्राण्ड राम्रो असल) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

ख) बजेट योजना

| | |
|---|---|
| अनुमानित जम्मा लागत | |
| प्राप्त हुने अपेक्षित रकम | |
| बजेटको जम्मा अन्तर (कम) | |
| सम्भावित अन्य स्रोत प्राप्त हुन सक्ने | |

ग) वोलपत्र प्रकाशन योजना

| | |
|---|---|
| सूचना प्रकाशन मिति | |
| मूल्यांकनका लागि वोलपत्र खोल्ने मिति | |
| वोलपत्र मूल्यांकन सम्पन्न हुने मिति | |
| वोलपत्र सम्झौता हुने मिति | |
| विद्यालयमा खाद्य सामग्री आपूर्ति हुने मिति | |
| वोलपत्र सूचना टाँस हुने स्थानहरु | |
| खरिद योजनाले ध्यान दिनुपर्ने जोखिम तथा वजार | |

घ) खाद्य सामग्री भण्डारण र व्यवस्थापन

| कार्य दायरा | कार्यहरु | जिम्मेवारी |
|---|---|---|
| खाद्य सामग्री भण्डार स्थान | | |
| खाद्य सामग्री भण्डारको सुरक्षा | | |
| तखता र फल्याकको उपलब्धता | | |
| भण्डारण कक्षको सरसफाई | | |
| भण्डार तथा जिन्सी अभिलेखको व्यवस्थापन | | |
| खाद्य व्यवस्थापन समितिबाट बचत तथा मौज्दात सङ्कलन | | |
| खाद्य भण्डारको संरक्षण, सुनिश्चितता ( प्रर्दुषण, फोहोर, सडेगलेका वस्तु नभएको र पानी नपस्ने) | | |

॥ धन्यवाद ॥

CamScanner